कार्यविधिको नामः माटो तथा नदीजन्य पदार्थ उत्खनन,ओसार प्रसार बिक्री सम्बन्धी कार्यविधि २०८० (प्रथम संशोधन)

प्रस्तावनाः स्थानीय स्तरको विकास निर्माणको लागि माटोको सहज आपूर्ति गर्ने, सतह नमिलेको खेतियोग्य जग्गाको सतह मिलाउने, आफ्नै घरको जग पुर्ने,पोखरी निर्माण गर्दा बढी भएको माटो बिक्री वितरण गर्ने ,निजि जग्गाबाट नदीजन्य पदार्थ बिक्री, सार्वजनिक पोखरी निर्माण गर्दा बढी माटो बिक्री गर्ने लगायतका कार्यहरुलाई व्यवस्थित र नियमित गर्न संशोधन गर्न वाञ्छनिय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को परिच्छेद ३ दफा ४ उपदफा १ ले दिएको अधिकार तथा मार्गनिर्देशन अनुसार गैडहवा गाउँपालिका रुपन्देहीले निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि,२०८० संशोधन गर्न वाञ्छनिय भएकोले संशोधन तयार गरि लागु गरिएको छ ।यसको नाम माटो तथा नदीजन्य पदार्थ उत्खनन,ओसार प्रसार बिक्री सम्बन्धी कार्यविधि २०८० (प्रथम संशोधन) रहने छ ।

## खण्ड १

### निजी जग्गाको माटो सम्याउने तथा आफ्नै घरको जग पुर्ने सम्बन्धी व्यवस्था

१. अनुमति नलिइ उत्खन्न कार्य गर्न नहुनेः

यस गाउँपालिका भित्रका निजी जग्गाको माटो उत्खनन्/जग्गाको माटो सम्याउने तथा आफ्नै घरको जग पुर्ने कार्य सम्बन्धित वडाको अनुमति नलिई गर्न गराउन पाइने छैन ।

२. उत्खनन् अनुमति पत्रको प्रकृयाः

क) निजी जग्गाको माटो उत्खनन् तथा जग्गाको माटो सम्याउने तथा आफ्नै घरको जग पुर्ने चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

ख) सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यले स्थलगत अवलोकन गरी साँधियारहरु समेतको उपस्थितीमा सर्जमिन गरी मुचुल्का तयार पार्नु पर्नेछ ।

ग) यस कार्यालयबाट खटाईएको प्राविधिक कर्मचारीले आवश्यक परिमाण यकिन गरि सिफारिस गर्नुपर्नेछ ।

घ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहित सिफारिस प्राप्त भई आए पछि वडा कार्यालयले साधारण सिफारिस दस्तुर लिई आफ्नो घरको जग पुर्न अनुसूची १ को ढाँचामा अनुमित दिनेछ ।

ङ) उत्खनन् अनुमतिपत्र प्रदान गर्दा उत्खनन् गर्ने जग्गाको क्षेत्रफल, अनुमति दिएको अनुमानित परिमाण, ढुवानीका साधनको नं. उत्खनन् गरि ढुवानी गर्ने अवधि ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनु पर्नेछ ।

३. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरुः

क) उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि

ख) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा

ग) जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ) माटो पटान गर्ने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि

ङ) भुमुहिन/सुकुम्बासी जग्गामा माटो पटान गर्दा भुमुहिन/सुकुम्बासीको लगत फारम भरेको निस्साको प्रतिलिपि

**४. उत्खनन् मापदण्ड तथा पालन गर्नुपर्ने शर्तहरुः**

क) सार्वजनिक जग्गा, बस्ती, बाटो, स्कुल, मन्दिर, नदी, ताल, पोखरी, आदि क्षेत्रको ५० मिटर वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन् गर्न पाइने छैन ।सार्बजनिक स्थानको माटो उत्खनन् गर्दा गैडहवा गाउँपालिकाको अनुगमन समितिको अनिवार्य समन्वयमा मात्र गर्न पाईनेछ ।

ख) गाउँपालिकाको अनुगमन समितिले उत्खनन् र ओसारपसार सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । उत्खनन् गर्ने पक्षले अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्ने छ ।

ग) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

घ) खेतको सतह मिलाउने प्रयोजनको लागि उत्खनन गरेको भएमा सँधियारहरुको खेतको सतहको प्रतिकुल हुने गरि उत्खनन् गर्न पाईने छैन ।

ङ) माटो उत्खनन गर्दा ३ फिट भन्दा बढी गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन ।

च) उत्खनन् गर्ने कार्य विहान सुर्योदय देखि बेलुका सुर्यास्त समय भित्र मात्र गर्नुपर्नेछ ।

छ) माटो उत्खनन् तथा ओसारपसार गर्दा अनुसूचि १ बमोजिमको अनुमति पत्र साथमा राख्नु पर्नेछ

ज) उत्खनन् कार्य समाप्त भए पछि जुन उद्देश्यका लागि उत्खनन् गरिएको हो सो उद्देश्य अनुरुपको कार्य प्रारम्भ गर्नुपर्नेछ ।

झ) नीजि जग्गामा उत्खनन् गर्दा छेउछाउमा रहेका सावर्जनिक, सरकारी, पर्ति तथा वन क्षेत्रको जग्गामा उत्खनन् गर्न पाईने छैन ।

## खण्ड २

## माछा पोखरी उत्खनन् / विकास निर्माणको लागि माटो बिक्री/जग्गा सम्मयाउने तथा बढी माटो बिक्री ढुवानी सम्बन्धी व्यवस्था

**१. अनुमति लिनुपर्ने**

यस गाउँपालिका भित्र निजि जग्गामा माछापोखरी बनाउदा तथा निजी जग्गाको माटो सम्मयाउदा बढी माटो बिक्रीका लागि यस गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ।

**२. उत्खनन् अनुमति प्रकृयाः**

क) माछापोखरी खन्न तथा माटो सम्मयाउदा बढी माटो बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

ख) अनुमतिका लागि पेश गर्दा पोखरी खन्दा/जग्गा सम्मयाउदा निस्केको माटो त्यही पोखरी वरिपरि व्यवस्थापन गर्ने हो वा बढी माटो बेचबिखन गर्ने हो निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

ग) यदि बढी माटो बेचबिखन गर्ने हो भने सोको अनुमानित परिमाण समेत निवेदनमा एकीन गर्नुपर्नेछ ।

घ) यसरी प्राप्त निवेदनमा सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यले स्थलगत अवलोकन गरी सँधियारहरु समेतको उपस्थितीमा सर्जमिन गरी मुचुल्का तयार पारि गाउँपालिकामा पठाउनु पर्नेछ ।

ङ) पोखरी बनाउदा/जग्गा सम्मयाउदा बढी हुन सक्ने माटो ओसारपसारका लागि गाउँपालिका कार्यालयले प्राविधिक प्रतिवेदनको आधारमा राजश्व लिई अनुमति लिनु पर्ने शर्त सहित उत्खनन कार्यको लागि अनुमति दिनेछ ।

च) पोखरी खन्ने/ जग्गा सम्मयाउने ब्यक्तिले पोखरी निर्माण पश्चात बढी हुने माटो ओसारपसारको लागि गाउँपालिका कार्यालयमा पुनः अनुमति माग गर्नुपर्नेछ ।

छ) पोखरी खन्ने क्रममा माटो बाहेकका नदीजन्य पदार्थ मिस्कट,बालुवा, गिट्टी आदि निस्केमा खण्ड २(क) बमोजिम गर्नु पर्नेछ ।

ज) यस कार्यालयबाट खटाईएको प्राविधिक कर्मचारीले पोखरी बनाई बढी भएको माटोको नापजाँच गरि परिमाण एकीन गरि सिफारिस गर्नुपर्नेछ ।

झ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहितको सिफारिस प्राप्त भई आए पछि गाउँपालिका कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची २ को ढाँचामा ओसारपसार गर्ने अनुमति दिनेछ ।

ञ) ओसारपसार अनुमतिपत्र प्रदान गर्दा ओसारपसार गर्ने माटोको अनुमानित परिमाण,ढुवानीका साधनको नं. ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनुपर्नेछ ।साथै ओसार प्रसारको लाग्ने समय आवश्यकता अनुसार उपलब्ध गराईने छ ।

३. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु

क) उत्खनन् हुने जग्गको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि

ख) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा

ग) जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ) मत्स्यजोन कार्यालय रुपन्देहीको सिफारिस पत्र वा गाउँपालिकाको कृषि विकास शाखाको सिफारिस पत्र ।

ङ) सर्जमीन मुचुल्का

च) चारकिल्ला प्रमाणित

छ) उत्खनन गरि लैजाने सप्लायर्सको प्रमाणपत्र/नागरिकता प्रमाणपत्र

ज) जग्गाधनीको निवेदन

४. पोखरी निर्माण मापदण्ड

क) बस्ती, बाटो, स्कुल, मन्दिर नदी पोखरी आदिबाट ५० मिटर वरिपरि क्षेत्र वरपर पोखरी खान्न पाईनेछैन ।

ख) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्य रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

ग) माछापोखरीको निर्माण गर्दा पोखरीको गहिराई बढीमा ६ फुट भन्दा बढी हुनेछैन ।

घ) साँधबाट कम्तिमा २ मिटर छाडेर मात्र पोखरी खन्नुपर्नेछ।

ङ) उत्खनन गर्ने कार्य बिहान सुर्योदय देखि बेलुका सुर्यास्त समय भित्र मात्र गर्नुपर्नेछ ।

च) उत्खनन् र ओसारपसार सम्बन्धमा अनुगमन समितिले दिएको आवश्यक निर्देशन पालना गर्नुपर्नेछ ।

छ) उत्खनन् गर्नु परेमा गाउँपालिकाको अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरि पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएम मात्र उत्खनन् अनुमति दिन सकिनेछ ।

ज) तर घरायसी प्रयोजनमा १.५ फिट सम्म माटो निकाल्दा खण्ड २ को (४) घ आकर्षित हुने छैन ।

## खण्ड ३

## निजि जग्गाबाट नदीजन्य पदार्थ उत्खनन/ढुवानी सम्बन्धी व्यवस्था

१अनुमति लिनुपर्ने

यस गाउँपालिका भित्र निजि जग्गामा रहेको ढुङ्गा, गिट्टी, बालुवा आदी खानीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न चाहने व्यक्ति वा सप्लायर्सले देहाय बमोजिमका विवरणहरु संलग्न राखी यस गाउँपालिकाबाट अनुमतिका लागि निवेदन पेश गर्नु पर्नेछ।

२.उत्खनन् अनुमति प्रकृयाः

क) खनिज पदार्थ बिक्री गर्न चाहने व्यक्ति वा संस्थाको जग्गाधनी प्रमाण पुर्जा,ब्लु प्रिन्ट नक्शा,नागरिकताको प्रतिलिपि सहित आवश्यक कागजात सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ

ख) यसरी प्राप्त निवेदनमा सम्बन्धित वडाध्यक्ष बा निजले तोकेको वडा सदस्यले स्थलगत अवलोकन गरी सँधियारहरु समेतको उपस्थितीमा सर्जमिन गरी मुचुल्का तयार पारि सिफारिस सहित गाउँपालिकामा पठाउनु पर्नेछ ।

ग) गाउँपालिका कार्यालयले उक्त स्थानबाट उत्खनन हुने खनिज पदार्थको यथार्थ परिमाणको प्राविधिक प्रतिवेदनको लागि प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।यस कार्यालयबाट खटाईएको प्राविधिक कर्मचारीले नापजाँच गरि परिमाण एकीन गरि सिफारिस गर्नुपर्नेछ ।

घ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहितको सिफारिस प्राप्त भई आए पछि गाउँपालिका कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची ३ को ढाँचामा ओसारपसार गर्ने अनुमति दिनेछ ।

ङ) ओसारपसार अनुमतिपत्र प्रदान गर्दा ओसारपसार गर्ने नदीजन्य पदार्थको अनुमानित परिमाण,ढुवानी कार्यमा प्रयोग हुने साधनको नं. , ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनुपर्नेछ ।साथै ओसार प्रसार गर्दा लाग्ने समय आवश्यकता अनुसार उपलब्ध गराईनेछ ।

३.निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु

क) उत्खनन् हुने जग्गाको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि

ख) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा

ग) जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ) सर्जमीन मुचुल्का

ङ) चारकिल्ला प्रमाणित

च) उत्खनन गरि लैजाने सप्लायर्सको प्रमाणपत्र/नागरिकता प्रमाणपत्र

छ) जग्गाधनीको निवेदन

४.उत्खनन मापदण्ड

क) बस्ती र नदीबाट ५० मिटर वरिपरि क्षेत्र वरिपरिको क्षेत्र खान्न पाईनेछैन ।

ख) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्य रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

ग) गहिराई बढीमा ६ फुट भन्दा बढी हुनेछैन ।

घ) साँधबाट कम्तिमा २ मिटर छाडेर मात्र उत्खनन गर्नु पर्नेछ।

ङ) उत्खनन् गर्ने कार्य विहान सुर्योदय देखि बेलुका सुर्यास्त समय भित्र मात्र गर्नुपर्नेछ ।

च) उत्खनन् र ओसारपसार सम्बन्धमा अनुगमन समितिले दिएको आवश्यक निर्देशन पालना गर्नुपर्नेछ ।

छ) उत्खनन् गर्नु परेमा गाउँपालिकाको अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरि पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ ।

## खण्ड ४

## सार्वजनिक पोखरी /ताल/ मर्मत गर्दा निस्कने माटोजन्य पदार्थ उत्खनन,ढुवानी,बिक्री सम्बन्धी व्यवस्था

१अनुमति लिनुपर्ने

यस गाउँपालिका भित्र सार्वजनिक पोखरी मर्मत गर्दा बढी भएको माटोजन्य पदार्थ उत्खनन, संकलन तथा खरीद गर्न चाहने व्यक्ति वा सप्लायर्सले देहाय बमोजिमका विवरणहरु संलग्न राखी यस गाउँपालिकाबाट अनुमतिका लागि निवेदन पेश गर्नु पर्नेछ।

२.उत्खनन् अनुमति प्रकृयाः

क) सार्वजनिक पोखरी मर्मत गर्न चाहने ठेकेदार वा माछा व्यवसायीको पालिकाबाट भएको ठेक्का सम्झौता,पट्टाको फारम, नागरिकताको प्रतिलिपि, मन्जुरीनामा सहित आवश्यक कागजात सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ

ख) यसरी प्राप्त निवेदनमा सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यले स्थलगत अवलोकन गरी पोखरी मर्मत तथा बढी माटो बिक्री गर्ने निर्णय र सिफारिस सहित गाउँपालिकामा पठाउनु पर्नेछ ।

ग) गाउँपालिका कार्यालयले उक्त स्थानबाट उत्खनन हुने माटोजन्य पदार्थको परिमाणको प्राविधिक प्रतिवेदन पेशको लागि प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।यस कार्यालयबाट खटाईएको प्राविधिक कर्मचारीले नापजाँच गरि परिमाण एकीन गरि सिफारिस गर्नुपर्नेछ ।

सुरेन्द्र पोख्रेल
अध्यक्ष

घ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहितको सिफारिस प्राप्त भई आए पछि गाउँपालिका कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची २ बमोजिमको ढाँचामा ओसारपसार तथा बिक्री गर्ने अनुमति दिनेछ ।

ङ) ओसारपसार अनुमतिपत्र प्रदान गर्दा ओसारपसार गर्ने माटोजन्य पदार्थको अनुमानित परिमाण,ढुवानी कार्यमा प्रयोग हुने साधनको नं. , ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनुपर्नेछ ।साथै ओसार प्रसार गर्दा लाग्ने समय आवश्यकता अनुसार उपलब्ध गराईनेछ ।

३.निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु

क) उत्खनन् हुने सार्वजनिक पोखरीको ठेक्का सम्झौताको प्रतिलिपि

ख) सार्वजनिक पोखरीको पट्टाको फारमको

ग) सम्बन्धित पोखरीको ठेकेदार वा माछा व्यवसायीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ) सर्जमीन मुचुल्का

ङ) सम्बन्धित पोखरीको ठेकेदार वा माछा व्यवसायीको मन्जुरीनामा

च) माटो उत्खनन एवम खरीद गरि लैजाने सप्लायर्सको प्रमाणपत्र/नागरिकता प्रमाणपत्र

छ सम्बन्धित वडाको वडा समितिको निर्णय र सिफारिस

४.उत्खनन मापदण्ड

क) गाउँ, बस्तीमा बासोबास एवम निजि जग्गाधनीको खेतीपाती ,पानीको निकासलाई बाधा हुने गरि बाध निर्माण गर्न पाईने छैन

ख) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्य रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

ग) साविकको गहिराई भन्दा प्रतिकुल नहुने गरि उत्खनन कार्य गर्नु पर्नेछ ।

घ) साँधबाट कम्तिमा २ मिटर छाडेर मात्र उत्खनन गर्नु पर्नेछ।

ङ) उत्खनन् गर्ने कार्य विहान सुर्योदय देखि बेलुका सुर्यास्त समय भित्र मात्र गर्नुपर्नेछ ।

च) उत्खनन् र ओसारपसार सम्बन्धमा अनुगमन समितिले दिएको आवश्यक निर्देशन पालना गर्नुपर्नेछ ।

छ) उत्खनन् गर्नु परेमा गाउँपालिकाको अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरि पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ ।

## खण्ड ५

## उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनको दर्ता सम्बन्धी व्यवस्था

१. गाउँपालिकामा सुचीकृत हुनुपर्ने

क) निजी जग्गाबाट उत्खनन् तथा ढुवानी गर्न चाहने सवारी धनीले राजश्व बुझाई गाउँपालिकाको कार्यालयबाट तोकिएको चालु.आ.ब.का लागि सवारी साधन सुचीकृत गरी अनुमति लिनुपर्नेछ

२. सुचीकृत सम्बन्धी प्रक्रिया

सुरेन्द्र प्रसाद ...
अध्यक्ष

क) सुचीकृत हुनको लागि लागि आफ्नो सवारीको साधनको कागजातहरुको फोटोकपी सहित निबेदन पेश गर्नुपर्नेछ ।

ख) गाउँपालिका कार्यालयले कागजपत्रको जाँचबुझ गरी अनुसूची २ बमोजिमको ढाँचामा सवारी साधन दर्ता/सुचीकृत गरी उत्खनन् र ढुवानीको लागि अनुमति दिनुपर्नेछ ।

३.ढुवानी गर्ने सवारी साधनले त्रिपालले राम्रोसँग छोपेर र धुलो नउडाइकन ओसारपसार गर्नुपर्नेछ ।

## खण्ड ६

## राजश्व सम्बन्धी व्यवस्था

१. निजी जग्गा माटो तथा नदीजन्य पदार्थ उत्खनन् तथा ओसारपसार गर्नका लागि देहाय बमोजिम राजश्व /र धरौटी बुझाउनुपर्नेछ ।

क) निजि जग्गाको माटोजन्य पदार्थ उत्खनन् गरि ओसार प्रसार तथा बिक्री प्रयोजन-प्रदेश आर्थिक ऐन वा गाउँकार्यपालिकाको निर्णयानुसार (बिक्री प्रयोजन)

ख) निजि जग्गाको नदीजन्य पदार्थ उत्खनन् गरि ओसार प्रसार तथा बिक्री प्रयोजन-प्रदेश आर्थिक ऐन वा गाउँकार्यपालिकाको निर्णयानुसार (बिक्री प्रयोजन)

ग) सार्वजनिक ताल एवम पोखरी मर्मत गर्दा निस्किने माटोजन्य पदार्थ उत्खनन् गरि ओसार प्रसार तथा बिक्री प्रयोजन-प्रदेश आर्थिक ऐन वा गाउँकार्यपालिकाको निर्णयानुसार (बिक्री प्रयोजन)

घ) आफ्नो जग्गाबाट आफ्नो घरको जग/जग्गा पुर्ने प्रयोजनको हकमा- सिफारिस दस्तुर रु ३०० ( एक पटक मात्र )

### धरौटी सम्बन्धी व्यवस्था

क) उत्खन्न माटो परिमाणको लाग्ने राजश्व बराबरको रकम लाग्नेछ ।

| | |
|---|---|
| **घ)सवारी साधन दर्ता तथा वार्षिक नविकरण** | ट्रयाक्टर वार्षिक रु ५००।– |
| | ट्रक/टिपर वार्षिक रु १०००।– |
| | स्काभेटर/जे.सि.वी वार्षिक रु १५,००।– |

## खण्ड ७

## दण्ड जारिवाना सम्बन्धी व्यवस्था

१. क) यस कार्याविधि बमोजिम अनुमति नलिई कसैले निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् ओसारपसार सम्बन्धी कार्य गरे वा गराएको पाइएमा यस कार्यालयले उत्खनन् तथा ओसारपसार कार्यमा प्रयोग भएका सवारी साधन र सामग्री नियन्त्रणमा लिई प्रत्येक पटकका लागि देहाय बमोजिम जरिवाना लिएर मात्र सवारी साधन छाड्नेछ ।

| | प्रथम पटक |
|---|---|
| प्रति ट्रयाक्टर | रु. ३०,०००– |
| प्रति ट्रक/टिप्पर | रु ४०,०००।– |
| प्रति जेसिवि/स्काभेटर | रु १,००,०००।– |

जरिवाना रकम प्रति पटक दोब्बर हुदै जानेछ ।

सुरेन्द्र ... अध्यक्ष

ख) चोरी निकासीमा प्रयोग भएका सवारी साधन समाते प्रहरी कार्यालयलाई २०% पुरस्कार को व्यवस्था हुनेछ।

२. यस कार्याविधि बमोजिम अनुमति लिई कसैले निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् ओसारपसार तथा माछापोखरी निर्माण सम्बन्धी कार्य गर्दा अनुमति भन्दा बढी माटो उत्खनन गरेको पाईएमा बढी परिमाणको राजश्व रकम धरौटी रकमबाट जफत गरिने छ ।

## खण्ड ८

## अनुगमन सम्बन्धी व्यवस्था

१.अनुमति बमोजिमको माटो उत्खनन तथा बिक्री सम्बन्धी कार्यको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको सदस्य | - सदस्य |
| प्राविधिक कर्मचारी | -सदस्य |
| गाउँपालिकामा कार्यरत नापी शाखा कर्मचारी १ जना | -सदस्य |
| राजश्व शाखामा कार्यरत कर्मचारी १ जना | -सदस्य |

## खण्ड ९

## विविध

१. यो कार्याविधिमा भएका प्रावधानहरु गैडहवा गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

२. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचालित कानून र गैडहवा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनूसूची-१

खण्ड १ को दफा २ (घ)तथा खण्ड २ को दफा २ (झ) सँग सम्बन्धित

गैडहवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुर-३, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

प.सं.

च.न. मिति...........................

श्री जो जस सँग सम्बन्धित छ।

विषयः:घरको जग पटान गर्न माटो ढुवानी गर्ने अनुमति दिईएको ।

प्रस्तुत विषयमा.......................................को नाममा दर्ता कायम रहेको गैडहवा गाउँपालिका वडा नं..........कित्ता नं...............को जग्गा क्षेत्रफल..................बाट वडा नं..........कित्ता नं.................को जग्गा क्षेत्रफल...........मा देहाय बमोजिमको शर्तको अधिनमा रही घरको जग पुर्ने कार्यको लागि ढुवानी गर्न अनुमति दिईएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।(ढाचा आवश्यकता अनुसार फेरबदल हुन सक्ने)

तपसिल

१.अनुमति लिने मुख्य व्यक्तिको नाम:

ठेगाना:

सम्पर्क नं.:

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका सँधियारहरु

पूर्व तर्फ...............................पश्चिम तर्फ..............................

उत्तर तर्फ.............................दक्षिण तर्फ..............................

३. उत्खनन् गरि ढुवानी गर्ने अनुमानित परिमाणः ..................... घनफिट

४.उत्खननमा प्रयोग हुने साधनहरु-

५. ढुवानीमा प्रयोग हुने साधनहरु-

६. ढुवानी गरि लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो-

७. उत्खनन् र ढुवानीका लागि समयावधिः मिति .............. देखि ............. सम्म विहान सुर्योदय देखि बेलुका सुर्यास्त सम्म

ढुवानी अनुमति दिने पदाधिकारी

(सम्बन्धित वडाको वडाध्यक्ष)

<u>बोधार्थ</u>

---

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

अनूसूची-२

खण्ड ३ को दफा २(ख) सँग सम्बन्धित एवम खण्ड ३ को दफा २ (ख) सँग सम्बन्धित

गैडहवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुरा रुपन्देही

लुम्बिनी प्रदेश

सुरेन्द्र पौड्याल
अध्यक्ष

निजी जग्गा / सार्वजनिक ताल पोखरी मर्मत गर्दा/ माटो उत्खनन् तथा बिक्री अनुमति पत्र

यस कार्यालयको मिति.................................... को निर्णय बमोजिम तपाईलाई निम्न बमोजिमको शर्त पालन गर्ने गरी निजी/सार्वजनिक/ जग्गाको माटो सम्मयाउन/पोखरी बनाउन/ र बढी भएको माटो उत्खनन् तथा ओसारपसार गर्न अनुमति प्रदान गरिएको छ ।(ढाचा आवश्यकता अनुसार फेरबदल हुन सक्ने)

तपसिल

१.अनुमति लिने मुख्य ब्यक्तिको नाम:

ठेगाना:

सम्पर्क नं.:

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका सँधियारहरु

पूर्व तर्फ.............................पश्चिम तर्फ............................

उत्तर तर्फ...........................दक्षिण तर्फ............................

३. उत्खनन् गरि ढुवानी गर्ने अनुमानित परिमाणः .................... घनफिट

४.राजश्व बुझाएको विवरण

क. प्राकृतिक स्रोत (माटो)को राजश्व प्रति घनफुट ... दरले रु..................

५.उत्खननमा प्रयोग हुने साधनहरु-

६. ढुवानीमा प्रयोग हुने साधनहरु-

७. ढुवानी गरि लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो-

८. उत्खनन् र ढुवानीका लागि समयावधिः मिति .............. देखि ............. सम्म विहान सुर्योदय देखि बेलुका सुर्यास्त सम्म

नाम थरः

पदःप्रमुख प्रशासकीय अधिकृत

अनूसूची-३

खण्ड ३ को दफा २(ख) सँग सम्बन्धित एवम खण्ड ३ को दफा २ (ख) सँग सम्बन्धित

गैडहवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुरा रुपन्देही

लुम्बिनी प्रदेश

निजी जग्गाको नदीजन्य पदार्थ उत्खनन् ,बिक्री तथा ओसारपसार अनुमति पत्र

यस कार्यालयको मिति ................................ को निर्णय बमोजिम तपाईलाई निम्न बमोजिमको शर्त पालन गर्ने गरी निजी जग्गामा पोखरी बनाउदा/ माटो सम्म्याउदा बढी भएको नदीजन्य पदार्थ उत्खनन् बिक्री तथा ओसारपसार गर्ने अनुमति प्रदान गरिएको छ ।(ढाचा आवश्यकता अनुसार फेरबदल हुन सक्ने)

तपसिल

१.अनुमति लिने मुख्य व्यक्तिको नाम:

ठेगाना:

सम्पर्क नं.:

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका सँधियारहरु

पूर्व तर्फ.............................पश्चिम तर्फ............................

उत्तर तर्फ...........................दक्षिण तर्फ............................

३. उत्खनन् गरि ढुवानी गर्ने अनुमानित परिमाणः .................... घनफिट

४.राजश्व बुझाएको विवरण

क. प्राकृतिक स्रोत (नदीजन्य पदार्थ)को राजश्व प्रति घनफुट ... दरले रु..................

५.उत्खननमा प्रयोग हुने साधनहरु-

६. ढुवानीमा प्रयोग हुने साधनहरु-

७. ढुवानी गरि लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो-

८. उत्खनन् र ढुवानीका लागि समयावधिः मिति .............. देखि ............. सम्म विहान सुर्योदय देखि बेलुका सुर्यास्त सम्म

नाम थरः

पदःप्रमुख प्रशासकीय अधिकृत

## अनुमति प्राप्त व्यक्ति/साधनले पालना गर्नुपर्ने शर्तहरुः

१. यो अनुमति निजि जग्गा/सार्वजनिक ताल पोखरी बाट उत्खनन् गरी निस्कने माटो एवम नदीजन्य पदार्थ मात्र ओसारपसार गर्नका लागि प्रदान गरिएको छ । यो अनुमति पत्र साथमा नराखी माटो उत्खनन् तथा ओसारपसार गर्न पाईने छैन ।

२. यो अनुमति पत्र अनुसार उत्खनन् गर्दा जमिनको सतह भन्दा बढिमा ६ फिट भन्दा गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन।सो भन्दा गहिरो उत्खनन् गर्नु पर्ने भएमा उत्खनन् गर्नुको कारण सहित जग्गा धनीको सहमति सार्वजनिक ताल पोखरीको हकमा वडा समितिको निर्णय लिई गैडहवा गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

३. यो अनुमति पत्रको म्याद सकिनु पहिले नै निवेदन पेश गरि नवीकरण गराउनु पर्नेछ । म्याद सकिएको ७ दिन भित्र नवीकरण गराएमा नविकरण दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । म्याद सकिएको ७ दिन भित्र नवीकरण नगराएमा पुनः नवीकरण गरिनेछैन ।

४. अनुमति उत्खनन् पत्र नलिई वा अनुमति पत्र लिएता पनि उल्लेखित शर्त पालना नगर्ने उत्खनन् तथा ओसारपसार कर्तालाई गैडहवा गाउँपालिकाको निर्णय बमोजिम जरिवाना सहित थप कारवाही हुनेछ ।

७.यस गैडहवा गाउँपालिका भित्र दर्ता वा सूची दर्ता भएको जे.सी.बी./टिप्पर/टेक्टर मात्र संचालन गर्न पाइनेछ ।
८.सम्बन्धित वडा कार्यालयले उल्लेखित शर्तहरुको अनुगमन गर्नुका साथै यो अनुमति प्रापकर्ताले गैडहवा गाउँपालिकाको समन्वयमा कार्य गर्नुपर्नेछ ।

<u>बोधार्थ</u>

---

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यसै कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

आज्ञाले
(कृष्ण प्रसाद पन्थी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः२०८०/११/१३(प्रथम संशोधन)

सुरेन्द्र पौड्याल
अध्यक्ष